विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/१०/२३ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | स्थानीय सरकारी सेवाका कर्मचारीहरूको तह वृद्धि सम्बन्धमा। | कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ मा भएको व्यवस्था एवम् विराटनगर महानगरपालिकाका कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ बमोजिम विराटनगर महानगरपालिकामा कार्यरत स्थानीय सरकारी सेवाका कर्मचारीहरूको तह वृद्धिका लागि विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०९/०३ मा प्रकाशित सूचना अनुसार रीतपूर्वक दरखास्त पेश गर्ने कर्मचारीहरूको ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिको सिफारिसका आधारमा **अनुसूची-१** मा उल्लेख भएको विवरण अनुसार २०८१ माघ १ गतेदेखि ज्येष्ठता कायम हुनेगरी तह वृद्धि गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, सहायकस्तर चौथो तह सरहको पदबाट समान तहको पदमा मिति २०७५/११/२१ मा विराटनगर महानगरपालिकामा समायोजन भई सोही पद/तहमा कार्यरत रहेर विविध कारणले साविकमा तह वृद्धि हुनका लागि निवेदन पेस गर्न छुट भई हालसम्म तह वृद्धि नभएका स्थानीय प्रशासन/सामान्य प्रशासन/सहायकस्तर चौथो/सहायक श्री सतिश कुमार चौधरी (क.स.नं. २०५५०७) को ऐनको दफा ४ को उपदफा (५) मा भएको व्यवस्था बमोजिम निजको एक तह वृद्धि गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | विभिन्न कार्यविधि/ निर्देशिकाहरूको सम्बन्धमा। | महानगरपालिकाको सेवा प्रवाहका लागि आवश्यक भई सम्बन्धित विषयगत समिति एवम् विधेयक समितिको सिफारिस सहित पेश भएका देहायका कार्यविधिहरू नेपालको संविधानको २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्वीकृत गरी लागु गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) कृषि तथा बहुउद्दश्यीय सहकारी संस्थाहरूलाई प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१<br>(२) 'घ' वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०८१<br>(३) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१<br>(४) स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१<br>(५) क्षयरोगमुक्त अभियान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ |
| ३ | विविध। | (क) विराटनगर महानगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार स्थानीय कानुन तर्जुमा एवम् निर्माण प्रक्रिया सम्बन्धी कार्यशाला सहितको महानगरपालिकाका जिम्मेवार पदाधिकारी एवम् कर्मचारीहरूको अध्ययन अवलोकन भ्रमणका लागि मौजुदा नियमानुसारको दैनिक भ्रमण खर्च अपुग हुने भएकाले प्रति व्यक्ति आवास, खाना, खाजा समेतगरी प्रतिदिन रु.४,०००।- (चार हजार रुपैयाँ) का दरले खर्च गर्न स्वीकृति प्रदान गर्ने कार्यपालिका प्रमुखस्तरीय निर्णयलाई समर्थन गरी सर्वसम्मतिले अनुमोदन गरियो। |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (ख) विराटनगर महानगरपालिका, नगर सभाको चौधौं अधिवेशनबाट चालु आ.व.मा सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) अन्य सङ्घीय सशर्त कार्यक्रम सरह सञ्चालन गर्ने निर्णय भएकोमा कार्यक्रम सञ्चालनका लागि स्पष्ट निर्देशिका नभएकोले विगत आ.व.मा सञ्चालन गरिएको प्रक्रिया अनुसार सेवा प्रदायक संस्थाबाट परामर्श सेवा खरिद गरी कार्यक्रम सञ्चालन गर्न कार्यालयबाट प्रक्रिया अगाडि बढाइएकोमा खरिद प्रक्रिया बमोजिम सम्झौता गर्ने चरणमा रहेको अवस्थामा नेपाल सरकारबाट उक्त कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका जारी भएको र सो निर्देशिका बमोजिम आवश्यक व्यवस्था मिलाउन समय लाग्ने भई कार्यक्रम कार्यान्वयनमा ढिलाइ हुने भएकोले अर्को व्यवस्था नभएसम्म शुरु गरिएको खरिद प्रक्रिया सम्पन्न गरी सेवा प्रदायक संस्थामार्फत कार्यक्रम सञ्चालन गर्न/गराउन सर्वसम्मतिले स्वीकृति प्रदान गरियो।<br><br>(ग) विराटनगर महानगरपालिका वडा नं. ६, जुनेली मार्ग दिव्य कट्टेलको घरदेखि नहरसम्म पिच निर्माण योजना (ठेक्का नं. BMC/078/079-22) को कार्य निर्माण व्यवसायीको ढिलाइका कारण तोकिएको समयावधिभित्र सम्पन्न नसकेकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा भएको व्यवस्था बमोजिम उल्लिखित योजनाको निर्माण व्यवसायी चेम्जोङ कन्स्ट्रक्सन प्रा.लि., पाँचथरलाई सम्झौता रकमको दश प्रतिशत रकम क्षतिपूर्ति भराउने मिति २०८१/१०/१८ को प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयलाई अनुमोदन गर्ने र म्याद थपलाई समर्थन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(घ) रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को दफा १४ मा भएको व्यवस्था बमोजिम नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि गठित विराटनगर महानगरपालिकाको स्थानीय निर्देशक समितिको मिति २०८१/०९/२२ मा बसेको बैठकको निर्णयहरूको सर्वसम्मतिले अनुमोदन गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

## अनुसूची-१

**(विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/१०/२३ मा बसेको बैठकको निर्णय नं.१ सँग सम्बन्धित)**

### ऐनको दफा २७ बमोजिम तह वृद्धि गरिएको विवरण:-

**अधिकृतस्तर सातौं तहदेखि अधिकृतस्तर आठौं तह:**

| ज्येष्ठता क्रम | नाम थर | कर्मचारी सङ्केत नं. | हालको पद/तह | तह वृद्धि हुने पद/तह | सेवा/समूह/उपसमूह |
|---|---|---|---|---|---|
| १ | अजय साह | २३५२०८ | अधिकृत/अधिकृतस्तर सातौं | अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/सामान्य प्रशासन |
| २ | प्रज्वल पोखरेल | २३५७६२ | अधिकृत/अधिकृतस्तर सातौं | अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/सामान्य प्रशासन |
| ३ | प्रतिक गड्तौला | २३५७५५ | अधिकृत/अधिकृतस्तर सातौं | अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/सामान्य प्रशासन |
| ४ | डेबिड सिंह | २३७५५५ | इन्जिनियर/अधिकृतस्तर सातौं | इन्जिनियर/अधिकृतस्तर आठौं | इन्जिनियरिङ/सिभिल |

**सहायकस्तर पाँचौं तहदेखि अधिकृतस्तर छैटौं तह:**

| ज्येष्ठता क्रम | नाम थर | कर्मचारी सङ्केत नं. | हालको पद/तह | तह वृद्धि हुने पद/तह | सेवा/समूह/उपसमूह |
|---|---|---|---|---|---|
| १ | सुनिता निरौला | २३५७७० | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सा.प्र. |
| २ | विनिता निरौला | २३६७०३ | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सा.प्र. |
| ३ | विन्दु पराजुली | २३६३३१ | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सा.प्र. |
| ४ | गणेश रेग्मी | २३५९९२ | आ.ले.प. सहायक/सहायकस्तर पाँचौं | अधिकृत (आ.ले.प.)/अधिकृतस्तर छैटौं | प्रशासन/लेखा/लेखा परीक्षण |
| ५ | अनु न्यौपाने | २३५२४६ | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सा.प्र. |
| ६ | चन्द्रकला भट्टराई | २३८६१४ | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सा.प्र. |
| ७ | स्मरणराज गिरी | २३९३८६ | लेखा सहायक/सहायकस्तर पाँचौं | अधिकृत (लेखा)/अधिकृतस्तर छैटौं | प्रशासन/लेखा |
| ८ | सुदिरा न्यौपाने | २३६४३० | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सा.प्र. |
| ९ | सविता कट्टेल | २३५८९० | लेखा सहायक/सहायकस्तर पाँचौं | अधिकृत (लेखा)/अधिकृतस्तर छैटौं | प्रशासन/लेखा |
| १० | मुना घिमिरे | २०९३२५ | सि.अ.न.मि./सहायकस्तर पाँचौं | सि.अ.न.मि. निरीक्षक/अधिकृतस्तर छैटौं | स्वास्थ्य/क.न./प.हे.न. |

### ऐनको दफा ४ को उपदफा (५) बमोजिम तह वृद्धिका लागि सिफारिस गरिएको विवरण *(साविकमा छुट भएको)*:-

| क्र.सं. | नाम थर | कर्मचारी सङ्केत नं. | हालको पद/तह | तह वृद्धि हुने पद/तह | सेवा/समूह/उपसमूह |
|---|---|---|---|---|---|
| १ | सतिश कुमार चौधरी | २०५५०७ | सहायक/सहायकस्तर चौथो | सहायक/सहायकस्तर पाँचौं | प्रशासन/सा.प्र. |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश